# प्यूठान जिल्ला अदालत
# खलंगा प्यूठान

मिति २०७८/३/१०

**सुचना सुचना सुचना**

कोभिड १९ को संक्रमणका कारण यस अदालतको कामकारवाही तथा प्रवाह हुने सेवामा संकुचन ल्याउने गरी यस अदालतबाट बिभिन्न मितिमा निर्णय भएकोमा स्थानिय प्रशासनबाट निषेधाज्ञाको अवधी मिति २०७८/३/२० सम्म थप भएको हुँदा उक्त अवधी सम्म तथा पुनः निषेधाज्ञा अवधि थप भएमा सो अवधी सम्मको लागि यस अदालतबाट जारी पुर्व सुचनामा उल्लेख भएका सेवाहरु यथावत सुचारु राखी देहाय बमोजिमका काम कारवाही थप गर्ने गरी यस अदालतको पुर्ण बैठकबाट मिति २०७८।३।१० मा निर्णय भएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

- मिसिल कागजातको प्रतिलिपि मागको निबेदन बिहान ११ बजेबाट २ बजे सम्म लिने।
- मिति २०७८।३।१३ गते देखी प्युठान जिल्ला भर जारी निषेधाज्ञा अवधी सम्म पक्षहरु र निजहरुका कानुन ब्यवसायी उपस्थित भएमा तथा पक्षहरुको तर्फबाट अदालतमा श्रव्यदृष्य संवाद मार्फत सुनुवाई संचालन सम्बन्धी निर्देशिका २०७८ को अनुसुची २ बमोजिम निबेदन पर्न आएका मुद्दाहरुको सुनुवाई गर्ने।
- अदालतका नियमित प्रयोगकर्ता वारेश भै तारेखमा रहेका मुद्दाहरुको मात्र सुनुवाई गर्ने।
- बिचाराधिन मुद्दा फिर्ता र मिलापत्र सम्बन्धी कार्य गर्ने।
- थुनुवामात्र प्रतिवादी भएका अंग पुगेका मुद्दाको सुनुवाई गर्ने।
- केही प्रतिवादी थुनामा र केही प्रतिवादी तारेखमा रही अंग पुगेका मुद्दामा तारेखमा रहेका प्रतिवादीहरुले अदालतमा उपस्थित भई मुद्दा सुनुवाई होस भनि अनुरोध गरेमा त्यस्ता मुद्दाको सुनुवाई।
- फैसला कार्यान्वयनसँग सम्बन्धित थुनुवा।कैदीका निबेदन दर्ता र सुनुवाई गर्ने।
- काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिमा मुद्दा तथा निवेदनमा रहेका हदम्याद म्याद र तारेख नगुज्रने।

२०७८।३।१०

विरेन्द्र... खड्का
श्रेस्तेदार